# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा, युवा तथा खेलकुद शाखा
बिर्तामोड,झापा
कोशी प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं. 362

मिति :– २०८०/१२/२८

**विषय :-निर्देशन सम्बन्धमा**

श्री सबै सामुदायिक तथा धार्मिक विद्यालय,
बिर्तामोड, झापा ।

प्रस्तुत विषयमा बिर्तामोड नगर शिक्षा समितिको मिति २०८०/१२/२६ को बैठकको निर्णय अनुसार शैक्षिक सत्र २०८१ का लागि निम्न अनुसार गर्न गराउनु हुन अनुरोध छ ।

**तपसील**

**१.विद्यार्थी भर्ना अभियान सम्बन्धमा ।**

क) शैक्षिक सत्र २०८१ को लागि विद्यालय व्यवस्थापन समितिको वैठकबाट निर्णय गराई संलग्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०८०/१२/१८ को तथा २०८०/१२/२७ को कार्यक्रमसहितको कार्यतालिका अनुसार **"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"** भन्ने आदर्श वाक्यकासाथ शैक्षिक सत्र २०८१ को बैसाखमा अभियानका रुपमा घरदैलोसहितको कार्यक्रम सञ्चालन गरी विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई बिद्यालयमा भर्ना कार्यक्रम सम्पन्न गर्ने ।

ख) भर्ना हुन आउने बालबालिकालाई तत्काल भर्ना गरी स्वागत गर्ने र निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने ।

ग) विद्यार्थी भर्नाका लागि आफ्नो सेवा क्षेत्र भित्र व्यापक प्रचारप्रसार गर्ने । शिक्षा शास्त्र विषय अध्ययन गर्ने कक्षा ११ र १२ का विद्यार्थीहरुलाई समेत परियोजना कार्यको रुपमा परिचालन गरी विद्यालय भर्नाका लागि घरदैलो कार्यक्रममार्फत विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालय भर्नाको सुनिश्चितता गर्ने । भर्ना भएका बालबालिकाको विवरण यस शाखामा पेश गर्ने ।

घ) अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेहरुको हकमा सोको व्यवस्थित अभिलेख राखी यस शाखामा समेत जानकारी गराउने ।

ङ) एकजना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना सम्पर्क र समन्वयको जिम्मेवारी दिने ।

२. विद्यालयले कक्षा १० सम्म शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत कार्यविधिका आधारमा अभिभावक भेलाबाट स्वीकृत भएको आभिभावक सहयोग बाहेकका अन्य कुनैपनि प्रकारका शुल्कहरु विद्यार्थीहरुबाट नलिने ।

३. विद्यालयले २०८१ जेठ ७ गतेभित्र विद्यार्थी एकिन तथा अनलाइन IEMIS अनिवार्य अपडेट गरी सक्ने ।

४. कक्षा १ भन्दा माथिका कक्षामा अन्य विद्यालयबाट स्थानान्तरण भई आएका विद्यार्थीहरुको अनिवार्यरुपमा ग्रेडसीट/मार्कसीट र स्थानान्तरण प्रमाणपत्र लिएरमात्र विद्यालयमा भर्ना गर्ने गराउने । आफ्नो विद्यालयबाट अन्यत्र जानका लागि सम्बन्धित विद्यार्थीको अभिभावकबाट निवेदन पेश भएमा नियमानुसार स्थानान्तरण प्रमाण पत्र तथा ग्रेडसीट/मार्कसीट साथै IEMIS रजिस्ट्रेशन नम्बर उपलब्ध गराउने ।

५. विद्यालयले आफूले पाएको अनुमति भन्दा बाहेकको तह र कक्षामा विद्यार्थी भर्ना नगर्ने नगराउने ।

६. नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीमात्र प्रयोग गर्ने । सो सम्बन्धमा यस शाखाबाट २०८० चैत्र ७ गते पठाइएको पाठ्यक्रम विकास केन्द्रको च.नं. ३३५ मिति २०८०/११/२३ को सूचना अनुसारको पत्र कार्यान्वयन गर्ने गराउने ।

तिलचन भण्डारी
उपसचिव

CamScanner

# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा, युवा तथा खेलकुद शाखा
बिर्तामोड,झापा
कोशी प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं.

८. विद्यालयहरुबाट नियमानुसार वितरण गर्ने छात्रवृत्ति सम्बन्धमा

क. विद्यालयले प्रदान गर्ने कक्षा ११-१२ को छात्रवृत्तिलाई व्यवस्थित गर्न शैक्षिक सत्र २०८१ को नयाँ भर्नासँगै छात्रवृत्ति पाउनु पर्ने स्पष्ट आधार र कारण सहित एक महिनाको समय दिई विद्यार्थीबाट बिर्तामोड नगरपालिकाको शिक्षा ऐन २०७९ (संशोधन सहित) को अनुसूची १७ को ढाँचामा (अनुसूचीको ६ नं. बुदा पहिलो संशोधनले हटाएको) आवेदन मागको सूचना गर्ने र उक्त सूचनाको एक प्रति शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने ।

ख. विद्यालयले कक्षागत विद्यार्थी विवरण एकिन गरिसकेपछि उपलब्ध गराउनु पर्ने छात्रवृत्तिका लागि आवेदन पेश गर्ने विद्यार्थीहरुमध्ये ऐनको अनुसूची १८ बमोजिम विपन्न, दलित, पिछडिएको क्षेत्र, अपाङ्गताको क्षेत्र, असहाय, जेहन्दार, द्वन्द पिडित जस्ता आधारमा कक्षागत रुपमा प्राथमिकिकरण गरी शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृत प्रतिनिधिको उपस्थितिमा विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयबाट भर्ना भएको दुई महिनाभित्र वितरण गरी सक्ने र सो को निर्णय सहितको विवरण यस शाखामा पेश गर्ने ।

ग. कक्षागत विद्यार्थी संख्या एकिन गर्दा IEMIS मा भरेका विद्यार्थी विवरणलाई आधार बनाउने ।

***बोधार्थ***

श्रीसूचना तथा प्रविधि शाखा : पत्रसहितको संलग्न सूची अनुसारका सामुदायिक विद्यालयहरुको शैक्षिक सत्र २०८१ निर्देशन पत्र वेभसाइटमा अपलोड गरी दिनहुन

२०८०।१२।२८
तिलचन भण्डारी
उपसचिव

CamScanner

फोन नं ०१६६३३६२४

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

अनुसन्धान तथा गुणस्तर सुधार शाखा

सानोठिमी, भक्तपुर

प.स. :

च.नं.: ३१

मितिः २०८०/१२/१८

**विषय: शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान सम्वन्धी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुरोध।**

श्री स्थानीय तह, सबै।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै।
श्री विद्यालय, सबै।

शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्रासिको सुनिश्चितता भन्ने आदर्श वाक्यका साथ विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षासम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न विविध कार्यक्रमसहित देहाय बमोजिम गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

१. सबै स्थानीय तहले विद्यार्थी भर्ना अभियान कार्यक्रमको नेतृत्व गर्नुहुन, विद्यालयले विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्नुहुन र शिक्षा विकास तथा समन्वय इकाइले विद्यार्थी भर्ना अभियान कार्यक्रममा आवश्यक समन्वय र सहजीकरण गर्नुहुन।

२. सार्वजनिक जीवनमा रहेका व्यक्ति, कलाकार, राजनैतिक व्यक्ति, नागरिक समाज, पत्रकार, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल क्लव, विद्यालयको उच्चतम तहका विद्यार्थी, आमा समूह, शिक्षा क्षेत्रमा कार्यरत संघसंस्था आदिसँग हातेमालो गर्दै विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका, सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको पहिचान तथा भर्ना गर्न प्रोत्साहित गर्ने कार्यमा परिचालन गर्नु गराउनु हुन।

३. २०८१ वैशाख पहिलो हप्ता विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम सञ्चालन गर्न हुन र दोस्रो हप्ता देखि वैशाख मसान्त सम्म नियमित पठनपाठनका साथै घरदैलो लगायतका कार्यक्रम सञ्चालन गरी विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका सबै बालबालिका विद्यालयमा भर्नाको पहल गर्नुहुन।

४. विद्यालय तहका पाठ्यपुस्तक २०८० चैत्र १५ गते बाट नै बिक्री वितरण शुरु भइ सकेको हुदाँ विद्यालयले समयमै पाठ्य पुस्तक खरिद गरी नयाँ शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीलाई वैशाख महिनाको पहिलो हप्तामै पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था मिलाउनु हुन।

५. विद्यालयहरुलाई आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालसमेतका माध्यमबाट सूचना प्रवाह गरी भर्ना गर्न लगाउने व्यवस्था मिलाउनु हुन।

६. अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाको पढाइमा निरन्तर सहयोग गर्ने व्यक्तिहरुको उचित पहिचान, सम्मान र अभिलेख राख्ने व्यवस्था मिलाउनु हुन।

७. सामुदायिक सिकाइ केन्द्रहरुलाई विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत सङ्कलन गर्न लगाई विद्यालयमा भर्ना गर्नको लागि समन्वय र प्रचार प्रसार आदिमा परिचालन गर्ने व्यवस्था मिलाउनु हुन।

८. विद्यालयहरुले विद्यालय व्यवस्थापन समितिबाट विद्यार्थी भर्ना अभियान कार्यक्रमको कार्यतालिका स्वीकृत गरी सोही अनुरुप विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुन।

९. विद्यार्थी भर्ना अभियान कार्यक्रमको सम्बन्धमा आवश्यक सूचना, समन्वय र सहजीकरणको लागि स्थानीय तहमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी जिम्मेवारी प्रदान गर्न आवश्यक व्यवस्था मिलाउनु हुन । साथै विद्यालय स्तरमा

CamScanner

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
अनुसन्धान तथा स्तर सुधार शाखा
सानोठिमी, भक्तपुर

फोन नं ०१६६३३६२४

समेत एकजना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारीको व्यवस्था मिलाउनु हुन।

१०. विद्यालयमा भर्ना भएका बालबालिकाको उमेरगत विवरणसहितको प्रतिवेदन विद्यालयले स्थानीय तहमा पेश गर्नुहुन, स्थानीय तहले विद्यार्थी भर्ना अभियानको समष्टिगत प्रतिवेदन सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने व्यवस्था गर्नुहुन र शिक्षा विकास तथा समन्वय इकाइले विद्यार्थी भर्ना अभियान कार्यक्रमको समष्टिगत प्रतिवेदन २०८१ जेठ १५ गते सम्म शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पेश गर्नुहुन।

११. सबै स्थानीय तह तथा सामुदायिक विद्यालयले विपन्न लक्षित छात्रवृत्ति वितरण गर्ने प्रयोजनका लागि विद्यार्थीहरुलाई पिएमटि फाराम भर्न लगाउनु हुन।

........................
गोविन्दराज पोखरेल

निर्देशक

# शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान सम्बन्धी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुरोध

श्री स्थानीय तह, सबै ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।

श्री विद्यालय, सबै ।

शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता भ आदर्श वाक्यका साथ विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्बन्धी मौलिक हक कार्यान्वयनन सुनिश्चितता गर्न विविध कार्यक्रम सहित देहाय बमोजिम गर्नुहुन अनुरोध छ ।

तपसिल

१. सबै स्थानीय तहले विद्यार्थी भर्ना अभियान कार्यक्रमको नेतृत्व गर्नुहुन, विद्यालयले विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चाल गर्नुहुन् र शिक्षा विकास तथा समन्वय एकाइले विद्यार्थी भर्ना अभियान कार्यक्रममा आवश्यक समन्वय र सहजीकरण गर्नुहुन

२. सार्वजनिक जीवनमा रहेका व्यक्ति, कलाकार, राजनैतिक व्यक्ति, नागरिक समाज, पत्रकार, विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक सङ्घ, बालक्लब, विद्यालयको उच्चतम तहका विद्यार्थी, आमा समूह, शिक्षा क्षेत्रमा कार्यरत सङ्घ/संस्थ आदिसँग हातेमालो गर्दै विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका, सीमान्तकृत समुदायका बालबालिक तथा अपाङ्गता भएका बालबालिकाको पहिचान तथा भर्ना गर्न प्रोत्साहित गर्ने कार्यमा परिचालन गर्न गराउनुहुन ।

३. २०८१ वैशाख पहिलो हप्ता विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम सञ्चालन गर्नुहुन र दोस्रो हप्तादेखि वैशाख मसान्तसम नियमित पठनपाठनका साथै घरदैलो लगायतका कार्यक्रम सञ्चालन गरी विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका स बालबालिका विद्यालयमा भर्नाको पहल गर्नुहुन ।

४. विद्यालय तहका पाठ्यपुस्तक २०८० चैत १५ गतेबाट नै बिक्री वितरण सुरु भइसकेको हुँदा विद्यालयले समयमै पाठ्यपुस्त खरिद गरी नयाँ शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीलाई वैशाख महिनाको पहिलो हप्तामै पाठ्यपुस्तक वितरण गर्ने व्यवस्थ मिलाउनुहुन ।

५. विद्यालयहरूलाई आ-आफ्नो सेवा क्षेत्र भित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजि सञ्जाल समेतका माध्यमबाट सूचना प्रवाह गरी भर्ना गर्न लगाउने व्यवस्था मिलाउनुहुन ।

६. अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाको पढाइमा निरन्तर सहयो गर्ने व्यक्तिहरूको उचित पहिचान, सम्मान र अभिलेख राख्ने व्यवस्था मिलाउनुहुन ।

७. सामुदायिक सिकाइ केन्द्रहरूलाई विद्यालय बाहिर रहेका बालबालिकाहरूको लगत सङ्कलन गर्न लगाई विद्यालयमा भ गर्नका लागि समन्वय र प्रचार-प्रसार आदिमा परिचालन गर्ने व्यवस्था मिलाउनुहुन ।

८. विद्यालयहरूले विद्यालय व्यवस्थापन समितिबाट विद्यार्थी भर्ना अभियान कार्यक्रमको कार्यतालिका स्वीकृत गरी सोही अनुरू विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन ।

९. विद्यार्थी भर्ना अभियान कार्यक्रमको सम्बन्धमा आवश्यक सूचना, समन्वय र सहजीकरणका लागि स्थानीय तहमा एक ज कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी जिम्मेवारी प्रदान गर्ने आवश्यक व्यवस्था मिलाउनुहुन । साथै विद्यालय स्तरमा समे एक जना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारीको व्यवस्थ मिलाउनुहुन ।

१०. विद्यालयमा भर्ना भएका बालबालिकाको उमेरगत विवरण सहितको प्रतिवेदन विद्यालयले स्थानीय तहमा पेस गर्नुहुन, स्थानी तहले विद्यार्थी भर्ना अभियानको समष्टिगत प्रतिवेदन सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइमा पठाउने व्यवस्था गर्नुह र शिक्षा विकास तथा समन्वय एकाइले विद्यार्थी भर्ना अभियान कार्यक्रमको समष्टिगत प्रतिवेदन २०८१ जेठ १५ गतेसम शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पेस गर्नुहुन ।

११. सबै स्थानीय तह तथा सामुदायिक विद्यालयले विपन्न लक्षित छात्रवृत्ति वितरण गर्ने प्रयोजनका लागि विद्यार्थीहरूलाई पिएमट फाराम भर्न लगाउनुहुन ।

---



मिति २०८०।१२।१६ को गोरखापत्रमा प्रकाशित

CamScanner

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## अनुसन्धान तथा गुणस्तर सुधार शाखा

सानोठिमी, भक्तपुर

फोन नं ०१६६३३६२४

पत्र संख्याः ०८०/८१

चलानीः ४९

मिति २०८०।१२।२७

**विषयः विद्यार्थी भर्ना अभियान सहजीकरणका लागि कार्ययोजना सम्वन्धमा ।**

शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान **"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"** भन्ने आदर्श वाक्यका साथ देशभर बैसाख २ गतेदेखी शुरु हुदैछ । विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराइ शिक्षासम्वन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्नका लागि निम्न कार्ययोजनासमेतलाई मध्येनजर गरी स्थानीय तहले निर्देश गरे बमोजिम आआफ्नो क्षेत्रमा यस अभियान सञ्चालन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्वन्धित सबै सरोकारवालाहरूलाई हार्दिक अनुरोध गर्दछ ।

कार्ययोजना

| क्र.स. | मिति | कार्यक्रम | कार्यान्वयन गर्ने तह/ निकाय |
|---|---|---|---|
| १ | २०८१/०१/०२ | गोरखापत्रमा निर्देशन सम्वन्धी विशेषाङ्क तथा शुभकामना सन्देश प्रकाशन | मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| २ | २०८१/०१/०२ | सबै स्थानीय तहका शिक्षा प्रमुख, इकाई प्रमुख, नगरपालिका महासंघ, गाउँपालिका महासंघ र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा केन्द्रीय निकायको सहभागितामा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री ज्यूको समुपस्थितिमा भर्ना अभियान सम्वन्धी अन्तरक्रियात्मक जुम मिटिङ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ३ | २०८१/०१/०२ | ३० वटा एफएम रेडियोबाट सातवटै प्रदेशबाट भर्ना अभियान सम्वन्धी सन्देश २ देखी २१ गतेसम्म विहान , दिउसो र बेलुका समाचार अघि पछि वा बिचमा गरी दिनको ३ पटक प्रशारण गर्ने | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ४ | २०८१/०१/०२ | स्थानीय तहको निर्देशन अनुरुप विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले विद्यालयमा भर्ना भएका विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गर्दै विद्यार्थी भर्ना शुभारम्भ गर्ने | स्थानीय तह र विद्यालय |
| ५ | २०८१/०१/०३ | स्थानीय तह र विद्यालय व्यवस्थापन समितिले विद्यार्थी भर्ना गर्न विद्यालयलाई आवश्यक सहजीकरण र समन्वय गर्ने | स्थानीय तह र विद्यालय व्यवस्थापन समिति |
| ६ | २०८१/०१/०४ | शिक्षा सरोकारवाला सबैसँग भर्ना अभियानका लागि आव्हान गर्ने | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तहको शिक्षा शाखाहरू र विद्यालयहरु |
| ७ | २०८१/०१/०५ | भर्ना अभियानको ब्यानरसहित घरदैलो कार्यक्रम सञ्चालन गर्ने | स्थानीय तहको शिक्षा शाखाहरू र विद्यालयहरु |

फोन नं ०१६६३३६२४

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

अनुसन्धान तथा गुणस्तर सुधार शाखा
सानोठिमी, भक्तपुर

| | | | |
|---|---|---|---|
| ८ | २०८१/०१/०६ | विद्यालय सेवा क्षेत्रभित्रका सबै शैक्षिक सूचना सञ्जाल मार्फत विद्यार्थी भर्नासम्वन्धी सूचना गर्न आव्हान गर्ने | स्थानीय तहको शिक्षा शाखाहरू र विद्यालयहरु |
| ९ | २०८१/०१/०७ | अभिभावक विहीन बालबालिकाको अभिभावकत्व ग्रहणका लागि आव्हान गर्ने | स्थानीय तहको शिक्षा शाखाहरू र विद्यालयहरु |
| १० | २०८१/०१/०८ | सामुदायिक सिकाइ केन्द्रहरुले भर्ना अभियानमा सहजीकरण गर्ने | विद्यालय र सामुदायिक सिकाइ केन्द्र |
| ११ | २०८१/०१/०९ | विद्यालय तहमा भर्ना अभियानको संयोजक मार्फत विवरण तयार गर्ने र भर्ना हुन बाँकी बालबालिकाको अनुमानित विवरण तयार गर्ने | स्थानीय तह र विद्यालयहरु |
| १२ | २०८१/०१/१० | विद्यार्थीलाई पोशाक र छात्रवृत्ति वितरणको व्यवस्था गर्ने | स्थानीय तह र विद्यालय |
| १३ | २०८१/०१/१० | विद्यालयले बैसाख १० गतेसम्म भर्ना भएका विद्यार्थी विवरण स्थानीय तहमा बुझाउने | विद्यालय |
| १४ | २०८१/०१/११ | स्थानीय तहको शिक्षा शाखाले विद्यालयबाट प्राप्त विवरणको आधारमा आफ्नो स्थानीय तहभित्र भर्ना हुन बाँकी बालबालिकाको लेखाजोखा गर्ने र पाठ्यपुस्तकको उपलब्धताको समिक्षा गर्ने | स्थानीय तह शिक्षा शाखा |
| १५ | २०८१/०१/१२ | सबै स्थानीय तहले भर्ना विवरण आफ्नो स्थानीय तहको अभिलेखमा भिडाइ शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने | स्थानीय तह |
| १६ | २०८१/०१/१३ | शिक्षा विकास तथा समन्वय इकाईले सबै स्थानीय तहबाट प्राप्त विवरण अध्यावधिक गर्ने | शिक्षा विकास तथा समन्वय इकाई |
| १७ | २०८१/०१/१४ | शिक्षा विकास तथा समन्वय इकाईले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा भर्ना र पाठ्यपुस्तक सम्वन्धी विवरण पठाउने | शिक्षा विकास तथा समन्वय इकाई |
| १८ | २०८१/०१/१५ देखी २० गतेसम्म | शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त हुन आएको विवरणका आधारमा विद्यार्थी विवरण तयार गरी शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाउने | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |

पुनश्च: यस केन्द्रबाट निर्देशन हुने अन्य कुराको हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट निर्देश भए बमोजिम हुनेछ ।

गोविन्दराज पोखरेल
निर्देशक

CamScanner